प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र सख्या : ०७६/७७
चलानी नं.:

**स्वयंसेवक पदका लागि दरखास्त फाराम भर्ने सम्बन्धी सूचना ।**
सूचना प्रकाशन मिति २०७७।०१।२६

यस मन्त्रालयको राष्ट्रिय विकास स्वयंसेवक सेवा कार्यक्रम अन्तर्गत निम्न पदहरुमा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट स्वयंसेवक परिचालन कार्यकारी समितिको मिति २०७७।०१।२६ को निर्णय अनुसार दरखास्त आव्हान गरिएको छ।

**माग पद र संख्याः** इन्जिनियर (सिभिल) १(एक) र सव इन्जिनियर (सिभिल) ५(पाँच) जना।

**आवश्यक न्यूनतम योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट इन्जिनियर पदको हकमा सिभिल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह र सव इन्जिनियर पदको हकमा सिभिल इन्जिनियरिङ विषयमा डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको, प्रचलित कानुनबमोजिम सरकारी सेवाका लागि अयोग्य नठहरिएको नेपाली नागरिक हुनुपर्ने छ ।

**पदस्थापन हुने निकायः** इन्जिनियर पदको हकमा भौतिक पुर्वाधार विकास मन्त्रालय वा अन्तर्गत र सव इन्जिनियर पदको हकमा सामाजिक विकास डिभिजन कार्यालय रुपन्देही, बाँके, कपिलवस्तु, दाङ, पाल्पा र प्युठान ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७।०२।०९ गते कार्यालय समय भित्र निर्धारित आवेदन फाराम भरी यस मन्त्रालयमा उम्मेदवार स्वयं उपस्थित भई बुझाउन वा मन्त्रालयको इमेल आइ.डि. mosdfive@gmail.com मा पठाउन सकिनेछ ।

**परीक्षाको किसिम र आधारः** न्यूनतम शैक्षिक योग्यता वापत ६० र अन्तर्वार्ता वापत ४० अंक हुनेछ। छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।

**मासिक निर्वाह भत्ताः** इन्जिनियर पदको हकमा रु २५०००।- र सव इन्जिनियर पदको हकमा रु २००००।-

**आवेदन फारामको साथमा पेश गर्नुपर्ने कागजातः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, तोकिएको न्यूनतम तथा सो भन्दा मुनिका शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपी र समकक्षता आवश्यक पर्नेमा सोको प्रमाणपत्रको प्रतिलिपी ।

नोट :- मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन तथा डिभिजन कार्यालयहरुमा Email गरिदिनुहुन:

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत